# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

## सेवा आयोग

## कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवा विज्ञापन

**सूचना नं. ४८/२०८१-०८२**

**(प्रथम पटक प्रकाशितः मितिः २०८१/१२/२२)**

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्राज्ञिक, प्राविधिक र प्रशासन तर्फका विभिन्न सेवा, समूह र उपसमूहमा लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम रिक्त रहेका तपशिल बमोजिमका पदहरू कार्यक्षमता मुल्याङ्कनद्वारा हुने बढुवा मार्फत पदपूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित सेवा समूहमा सहायक तहको हकमा कम्तीमा ३ (तीन) वर्ष र अधिकृत तहको हकमा कम्तीमा ४ (चार) वर्ष स्थायी सेवा अवधि पूरा गरी प्रतिष्ठानको नियमावली बमोजिम तोकिएको योग्यता पुगेका एक तह मुनिका पदमा कार्यरत उम्मेदवारहरूले दरखास्त दिने अन्तिम मिति २०८२/०१/११ गते सम्म र दोब्बर दस्तुर तिरी मिति २०८२/०१/१८ गते सम्ममा अनलाइन दरखास्त आह्वान गरिन्छ। तोकिएको म्यादभित्र अनलाइन अपलोड नभएको र रीत नपुगेका दरखास्त उपर कुनै कारबाही हुनेछैन। झूठा विवरण उल्लेख गरेको वा पेश गरेको पाइएमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनेछ। दरखास्त पेश गर्ने अन्तिम मिति २०८२/०१/११ गते पछि प्राप्त हुने शैक्षिक योग्यता, काउन्सिल दर्ता प्रमाणपत्र, तालिम, अनुभव र सेवा अवधि मान्य हुनेछैन।

**अनलाइन दरखास्तको साथमा निम्न लिखित कागजातहरूको स्पष्ट बुझिने Scan Copy अनलाईन मार्फत नै अपलोड गर्नुपर्नेछ।**

- दुवै कान देखिने गरी हालसालै खिचिएको पासपोर्ट साइजको फोटो।
- दुवै तर्फको प्रष्ट बुझिने गरी नेपाली नागरिकताको प्रमाणपत्र।
- विज्ञापित पद/तहका लागि प्रवेशिका र सो देखि माथिल्लो शैक्षिक योग्यताको लब्धाङ्क (Transcript) पत्र र चारित्रिक (Character) प्रमाणपत्र।
- विदेशी शैक्षिक संस्थामा अध्ययन गरेको भए त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र।
- काउन्सिल दर्ता प्रमाणपत्र आवश्यक हुने पदहरूको हकमा सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको प्रमाणपत्र।
- प्रतिष्ठानको नियमानुसार अधिकृत तहको हकमा ४ वर्ष र सहायक तहको हकमा ३ वर्ष स्थायी सेवा अवधि पुगको भनी सम्बन्धित विभाग/स्कूल प्रमुखले गरेको प्रमाणित सिफारिस पत्र।
- प्रतिष्ठानको नियमानुसार तोकिएको अवधि अनुसार का.क्ष.मु. विवरण सम्बन्धित कार्यालयमा बुझाइएको हुनुपर्ने।
- उम्मेदवारको दस्तखतको डिजिटल कपी अपलोड गर्ने।
- दरखास्त दस्तुर आवेदनको लिङ्कभित्र रहेको अनलाइन भुक्तानी माध्यम मार्फत प्रतिष्ठानको खातामा बुझाउनुपर्नेछ।
- अनलाईन आवेदनका लागि https://www.pahssc.pahs.edu.np मा गई दरखास्त पेश गर्न सकिनेछ।
- प्रतिष्ठानको कर्मचारी सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (८औं संशोधन) को नियम ३८ बमोजिम हुने।
- प्रतिष्ठानको कर्मचारी सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (८औं संशोधन) र सूचनामा उल्लेख भएको योग्यता नपुगेको दरखास्त जुनसुकै समयमा पनि रद्द गर्न सकिनेछ।
- बढुवा हुने पदभन्दा तल्लो तहको पदमा आवश्यक पर्ने आ.व.को का.स.मु. फाराम बुझाएको विभाग र आ.व. उल्लिखित विरण समेत भर्नुपर्नेछ।
- अन्य विस्तृत जानकारी सेवा आयोगको वेबसाइट https://www.pahs.edu.np/servicecommission मा प्रकाशित गरिनेछ।

| क्र.सं. | विज्ञापन नम्बर | पदको नाम | सेवा | समूह | उपसमूह | तह | माग पद सङ्ख्या | दरखास्त दस्तुर | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १/२०८१-०८२ | प्राध्यापक | प्राज्ञिक | प्रसुति तथा स्त्री रोग | | ११ | १ | २,५०० | MD Obs/Gyn |
| २ | २/२०८१-०८२ | प्राध्यापक | प्राज्ञिक | जीव रसायन | | ११ | १ | २,५०० | स्नातकोत्तर |
| ३ | ३/२०८१-०८२ | सह प्राध्यपक | प्राज्ञिक | एनेस्थेसिया | | १० | १ | २,००० | MD Anesthesiology |
| ४ | ४/२०८१-०८२ | सह प्राध्यपक | प्राज्ञिक | प्रसुति तथा स्त्री रोग | | १० | १ | २,००० | MD Obs/Gyn |
| ५ | ५/२०८१-०८२ | सह प्राध्यपक | प्राज्ञिक | नर्सिङ | Adult Health | १० | १ | २,००० | MN in Adult Health |
| ६ | ६/२०८१-०८२ | सह प्राध्यपक | प्राज्ञिक | नर्सिङ | Child Health | १० | १ | २,००० | MN in Child Health |
| ७ | ७/२०८१-०८२ | सह प्राध्यपक | प्राज्ञिक | नर्सिङ | हस्पिटल मिडवाईफरी | १० | १ | २,००० | MN in Advanced Women Health |
| ८ | ८/२०८१-०८२ | सह प्राध्यपक | प्राज्ञिक | नर्सिङ | Community Midwifery | १० | १ | २,००० | MN in Advanced Women Health |
| ९ | ९/२०८१-०८२ | नर्सिङ सुपरभाइजर | प्राविधिक | नर्सिङ | | ९क | १ | १,६०० | स्नातकोत्तर |
| १० | १०/२०८१-०८२ | प्रमुख ल्याब टेक्नोलोजिस्ट | प्राविधिक | ल्याब | | ८ख | १ | १,४०० | स्नातक |
| ११ | ११/२०८१-०८२ | प्रमुख नर्सिङ अधिकृत | प्राविधिक | नर्सिङ | | ८ख | ३ | १,४०० | स्नातक |
| १२ | १२/२०८१-०८२ | सिनियर नर्सिङ अधिकृत | प्राविधिक | नर्सिङ | | ८क | ६ | १,४०० | स्नातक |
| १३ | १३/२०८१-०८२ | सिनियर रेडियोलोजी टेक्नोलोजिस्ट | प्राविधिक | रेडियोलोजी | | ८क | १ | १,४०० | स्नातक |
| १४ | १४/२०८१-०८२ | नर्सिङ अधिकृत | प्राविधिक | नर्सिङ | | ७ | ३ | १,४०० | स्नातक |
| १५ | १५/२०८१-०८२ | रेडियोलोजी टेक्नोलोजिस्ट | प्राविधिक | रेडियोलोजी | | ७ | २ | १,४०० | स्नातक |
| १६ | १६/२०८१-०८२ | सि. स्टाफ नर्स | प्राविधिक | नर्सिङ | | ६ | ३ | १,००० | प्रमाणपत्र |
| १७ | १७/२०८१-०८२ | सि. ईलेक्ट्रिसियन | प्राविधिक | जनरल मेन्टेनेन्स | | ४ | १ | ८०० | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यावसायिक परिषद् (CTEVT) द्वारा न्यूनतम १८ महिने तालिम |
| १८ | १८/२०८१-०८२ | सि. प्रशासन अधिकृत | प्रशासन | सामान्य प्रशासन | | ८ख | १ | १,४०० | स्नातक |

**आवश्यक थप योग्यता** : प्राज्ञिकतर्फ बढुवाका लागि पाटन स्वास्थ्य प्रतिष्ठान कर्मचारी सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (८औं संशोधन) नियम ३७ (२) सँग सम्बन्धित अनुसूची-११ बमोजिम हुनेछ।

**अन्य विषयः-** सूचनामा स्पष्ट नभएका विषय प्रतिष्ठानको कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (८औं संशोधन) तथा प्रचलित कानून बमोजिम हुनेछ। विज्ञापन सम्बन्धमा थप कुरा बुझ्नुपर्ने भएमा सेवा आयोगको फोन नं. ०१५४५५३५२ साथै प्रतिष्ठानको फोन नं. ०१५४४५११२/०१५४४५१५२ बाट सेवा आयोगको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**सचिव**